नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
( अनुमतिपत्र महाशाखा )

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानो गौचरण, काठमाडौं, नेपाल

पत्र संख्या :- (अनुमतिपत्र) ०८२/८३
चलानी नं.:- 9362

मितिः २०८२/११/०१

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय विद्युत विकास विभाग २०५०

विषयः तामोर - ढुंगेसाँघु २२० के.भी. विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारण अनुमतिपत्रको स्वामित्व हस्तान्तरण सम्बन्धमा ।

श्री राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड
बि.पी.सी. कम्प्लेक्स, बुद्धनगर, काठमाण्डौं ।
फोन नं. : ०१-४६१०१०३
ईमेल : info@rpgcl.com

प्रस्तुत विषयमा तँहाबाट तामोर - ढुंगेसाँघु २२० के.भी. विद्युत प्रसारण लाईन आयोजनाको विद्युत प्रसारण अनुमतिपत्र(वि.प्र. २६२)को स्वामित्व हस्तान्तरण गरिदिन दिनुभएको दरखास्त उपर कारवाही हुँदा तपशिल बमोजिमका कागजात/विवरणहरु ३५ (पैतिस) दिनभित्र पेश गर्नुहुन विभागको मिति २०८२/११/०१ को निर्णयानुसार जानकारी गराईन्छ ।

तपशिल (प्रतिलिपिहरु **Notarized** हुनुपर्ने) :

(क) अनुमतिपत्र हस्तान्तरण गरी लिने र दिने दुबै कम्पनी वा संस्थाको संचालक समितिको निर्णय, पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको प्रमाण, लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपिहरू ।

(ख) अनुमतिपत्र हस्तान्तरण गरी लिने कम्पनी वा संस्थाको कम्पनी संस्थापनाको प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावली, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, कम्पनीको अध्यावधिक शेयर लागत अभिलेखको प्रमाणित प्रतिलिपिहरू ।

(ग) कालोसूचीमा नरहेको तथा कारोबार रोक्कामा नभएको बारेमा कम्पनीको स्वघोषणा ।

(घ) आयोजना हस्तान्तरणमा कुनै उजुरी नपरेको/नरहेको स्व-घोषणा गरी आयोजना हस्तान्तरण पश्चात आयोजनाको निर्माण तथा संचालनमा तात्विक असर नपर्ने व्यहोरा उल्लेख गरेको अनुमतिपत्र हस्तान्तरण गरी लिने कम्पनी वा संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि ।

.............................
(कर्सन महर्जन)
इलेक्ट्रिकल इन्जिनियर